**प्रस्ताव/निर्णयहरु:-**

**प्रस्ताव नं. १- अवधारणा पत्र पेश गर्ने सम्वन्धमा ।**

**निर्णय नं. १-** मसख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय मुकाम बुटवल रुपन्देहीको मिति ०७८/१०/१९ गते प्रकाशित सूचना अनुसार लुम्बिनी प्रदेश अन्तरगत संचालित प्रदेश तथा स्थानिय सहयोग कार्यक्रम PLGSP कार्यक्रम तर्फ स्विकृत कार्यक्रम अन्तरगत नव प्रबर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत **"सार्वजनिक सेवा प्रवाह सु-साशन, आर्थिक विकास तथा गुणस्तरिया शिक्षा विकासका लागि डिजिटल प्रविधि परियोजना"** अवधारणा पत्र पेश गर्ने निर्णय गरियो ।

नव प्रवर्तन साझेदारी कोष

## अवधारणा पत्र

| परियोजना सम्बन्धि जानकारी | |
|---|---|
| परियोजनाको नाम | **"सार्वजनिक सेवा प्रवाह सु-साशन, आर्थिक विकास तथा गुणस्तरिया शिक्षा विकासका लागि डिजिटल प्रविधि परियोजना"** |
| परियोजना रहने स्थान | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको नाम | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको ठेगाना | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको इमेल र फोन न. | |
| दुई वा दुई भन्दा बढि स्थानीय तह वा संस्था मिलि संयुक्त प्रस्ताव पेश गरेको भए मुख्य प्रस्तावक र साझेदार प्रस्ताबक्रो नाम, ठेगाना र इमेल | **मुख्य प्रस्तावक :**<br>नाम : विजयनगर गाउँपालिका<br>ठेगाना : विजयनगर<br>इमेल :<br>**साझेदार प्रस्तावक :**<br>नाम : इन्द्रेणी कन्सल्टेन्सी सर्भिसेज प्रा. लि.<br>ठेगाना : बुद्धभूमि २, कपिलवस्तु<br>इमेल : |
| कार्यक्रमको अवधारणा | |

**पृष्ठभूमि :**

विजयनगर गाउँपालिका कपिलवस्तु जिल्लाको पश्चिममा अवस्थित पालिका हो । यस पालिकाको जनसंख्या ३६९३७ (पुरुष १८८३१ र महिला १८१०६) रहेको छ [1]। थारु, मधेसी, मुस्लिम समुदायको साथै विभिन्न क्षेत्रबाट बसाईसराई गरी आएका बाहुन क्षेत्री, मगर, दलित आदि समुदायको बसोबास भएको यो पालिका बिगतमा शिक्षा, स्वास्थ्य, कृषि, यातायात तथा अन्य बिकासको दृष्टिकोणबाट पछाडी परेको भए पनि वर्तमानमा समग्र पालिकाको आर्थिक तथा सामाजिक बिकासमा अग्रसर रहेको छ । यस पालिकाले संघ, प्रदेश तथा अन्य रास्ट्रिय/ अन्तराट्रिय संस्थाहरुसंग सहकार्य गरी पालिकाको सर्वान्गीर्ण बिकासमा प्रयासरत छ ।

हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट प्रस्ताव आह्वान भए अनुरुप यस विजयनगर गाउँपालिकाबाट गाउँपालिकालाई बदलिंदो परिवेश अनुसार सक्षम तथा सुशासित बनाई सार्वजनिक सेवा प्रवाहलाई चुस्तदुरुस्त

[1] रास्ट्रिय जनगणना २०७८

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

नवप्रवर्तन साझेदारी कोष

## अवधारणा पत्र

| परियोजना सम्बन्धि जानकारी | |
|---|---|
| परियोजनाको नाम | **"सार्वजनिक सेवा प्रवाह सु-साशन, आर्थिक विकास तथा गुणस्तरिया शिक्षा विकासका लागि डिजिटल प्रविधि परियोजना"** |
| परियोजना रहने स्थान | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको नाम | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको ठेगाना | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| आवेदकको इमेल र फोन न. | |
| दुई वा दुई भन्दा बढि स्थानीय तह वा संस्था मिलि संयुक्त प्रस्ताव पेश गरेको भए मुख्य प्रस्तावक र साझेदार प्रस्ताबक्को नाम, ठेगाना र इमेल | **मुख्य प्रस्तावक :**<br>नाम : विजयनगर गाउँपालिका<br>ठेगाना : विजयनगर<br>इमेल :<br>**साझेदार प्रस्तावक :**<br>नाम : इन्द्रेणी कन्सल्टेन्सी सर्भिसेज प्रा. लि.<br>ठेगाना : बुद्धभूमि २, कपिलवस्तु<br>इमेल : |
| कार्यक्रमको अवधारणा | |

**पृष्ठभूमि :**

विजयनगर गाउँपालिका कपिलवस्तु जिल्लाको पश्चिममा अवस्थित पालिका हो । यस पालिकाको जनसंख्या ३६९३७ (पुरुष १८८३१ र महिला १८१०६) रहेको छ [1]। थारु, मधेसी, मुस्लिम समुदायको साथै विभिन्न क्षेत्रबाट बसाईसराई गरी आएका बाहुन क्षेत्री, मगर, दलित आदि समुदायको बसोबास भएको यो पालिका बिगतमा शिक्षा, स्वास्थ्य, कृषि, यातायात तथा अन्य बिकासको दृष्टिकोणबाट पछाडी परेको भए पनि वर्तमानमा संमग्र पालिकाको आर्थिक तथा सामाजिक बिकासमा अग्रसर रहेको छ । यस पालिकाले संघ, प्रदेश तथा अन्य रास्ट्रिय/ अन्तराट्रिय संस्थाहरुसंग सहकार्य गरी पालिकाको सर्वान्गीर्ण बिकासमा प्रयासरत छ ।

हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट प्रस्ताव आह्वान भए अनुरुप यस विजयनगर गाउँपालिकाबाट गाउँपालिकालाई बदलिँदो परिवेश अनुसार सक्षम तथा सुशासित बनाई सार्वजनिक सेवा प्रवाहलाई

[1] रास्ट्रिय जनगणना २०७८

गोपाल बहादुर थापा
अध्यक्ष
विजयनगर गाउँपालिका

चुस्तदुरुस्त बनाउन, विध्यमान शिक्षाको अवस्थामा सुधार गरी गुणस्तरीय तथा प्रतिशपर्धी बनाउन र बिपन्न परिवारहरुको आर्थिक उन्नतिमा टेवा पुराउन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संग सहकार्यको लागि यो प्रस्तावना तयार गरी प्रस्तुत गरेको छौं ।

**परियोजनाको उद्धेश्य:**

यस परियोजनाका उद्धेश्यहरु निम्नानुसार हुनेछन

१. पालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई छिटो छरितो तथा परिणाममुखी बनाउन सूचना प्रणालीलाई प्रभावकारी बनाउने ।

२. गुणस्तरीय शिक्षा बिकासको लागि डिजिटल सूचना प्रबिधिलाई उपयोगमा ल्याउने ।

३. सिमान्तकृत परिवारहरुको आर्थिक बिकासको लागि वातावरण मैत्री आयोजनाहरु संचालन गर्ने ।

कार्यक्रमको औचित्य

**कार्यक्रमको अवधारणापत्र तयार गर्न अपनाइएका चरणहरु**

१. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट प्रकाशित सूचनाको आधारमा छलफल गरी अवधारणा पत्र तयार गर्ने सहमति भएको,

२. अवधारणा तयार गर्ने सम्बन्धमा इन्द्रेणीसंग छलफल गरी साझेदार प्रस्तावकको रुपमा सहकार्य गर्ने सहमति भएको,

३. गाउँपालिका र इन्द्रेणी बीच भएको छलफलबाट डिजिटल प्रबिधि अबलम्बन गरी सुशासन प्रवर्धन, सार्वजनिक सेवा प्रवाह तथा शिक्षाको गुणस्तर वृद्धिको साथै प्रभावकारी पोखरी व्यवस्थापनको माध्यमबाट वातावरण मैत्री अर्थोपार्जनक कार्यक्रमहरु संचालन गर्ने सहमति भएको र अवधारणा पत्रमा निम्न क्रियाकलापहरु समावेश गर्ने निर्णय भएको :

- गाउँपालिकामा डिजिटल बडापत्र राख्ने
- गाउँपालिका, बिषयगत शाखाहरु, सबै ७ वटा वडाहरुमा डिजिटल नोटिस बोर्ड राख्ने
- गाउँपालिकाको डिजिटल प्रोफाइल बनाउने
- गाउँपालिका अन्तर्गत संचालित ६ वटा माध्यमिक विद्ध्यालायहरुका कक्षा ९ र १० मा डिजिटल कक्षा संचालन गर्ने
- गाउँपालिका भवन नजिक रहेको लगभग ४ बिगाह क्षेत्रफलको सार्वजनिक पोखरीको मर्मत सम्भार, सौन्दर्यकरण तथा पानीको स्रोतको दिगो व्यवस्थापन आदि ।

४. माथि उल्लेख भए अनुसार अवधारणा पत्र तयार गरी कार्यपालिकाको बैठकबाट निर्णय गरी पेश गरिएको ।

कार्यक्रमको संक्षिप्त कार्यान्वन योजना

| सिन | मुख्य क्रियाकलापहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | परियोजना | | | | | | | | | | | | | | | | | | |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

| | |
|---|---|
| | अभिमुखीकरण |
| २ | मानवस्रोत व्यवस्थापन |
| ३ | डिजिटल प्रबिधि संचालन सम्बन्धि तालिम |
| ४ | डिजिटल बडापत्र, नोटिस बोर्ड स्थापनाको लागि सामग्री व्यवस्थापन |
| ५ | गाउँपालिकामा डिजिटल बडापत्र स्थापना |
| ६ | गाउँपालिका, वडा कार्यालय तथा बिषयगत शाखाहरुमा डिजिटल नोटिस बोर्ड स्थापना |
| ७ | गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण |
| ८ | गाउँपालिकामा रहेका ६ वटा माध्यमिक विद्ध्यालयहरुमा डिजिटल कक्षा संचालनको लागि पूर्वाधार तयार |
| ९ | डिजिटल कक्षा संचालनको लागि शिक्षकहरुलाई तालिम |
| १० | डिजिटल कक्षा संचालनको लागि सामग्रीको व्यवस्थापन |
| ११ | पोखरी व्यवस्थान |
| १२ | बिस्तृत कार्यन्वयन योजना तर्जुमा कार्यशाला |
| १३ | मासिक प्रगति समिक्षा तथा योजना निर्माण बैठक |
| १४ | अर्धवार्षिक समिक्षा बैठक |
| १५ | अनुगमन तथा |

गोपाल बहादुर थापा
अध्यक्ष
विजयनगर गाउँपालिका

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुल्यांकन | | | | | ■ | | | | | | ■ | | | | | | ■ | |
| १६ | परियोजनाको अन्तिम प्रगति समिक्षा | | | | | | | | | | | | | | | | | | ■ |
| १७ | प्रतिबेदन | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| | | | | | | | | | | | | | | | | | | | |

| कार्यक्रमको अवधि | १.५ वर्ष |
|---|---|

कार्यक्रमको कुल लागत

**लागत सहभागिताको संरचना**

कुल लागत रु. : १९८५९०००.००

कोषबाट उपलव्ध हुने रकम रु. : १३९०१३००.००

आवेदकले बेहोर्ने रकम रु. : ४१७०३९०.००

आवेदकले बेहोर्ने रकम मध्ये साझेदार संस्थाबाट बेहोर्ने रकम रु. : १७८७३१०.००

**परियोजनाको अपेक्षित नतिजा आशातित प्रतिफल, उपलब्धि, प्रभाव**

- सबै नागरिकहरुलाई सरकारबाट प्रदान गरिने सेवा सुबिधाको बारेमा जानकारी भएको हुनेछ ।
- पालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा छिटो छरितो तथा गुणस्तरीय भएको हुनेछ ।
- पालिकामा सबै किसिमका सूचनाहरु नियमितरुपमा अद्ध्यवाधिक भइ सबैको पहुँच भएको हुनेछन ।
- गाउँपालिका भित्र रहेका माध्यमिक तहका बिद्ध्यालयहरुमा डिजिटल कक्षा संचालन भइ शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ ।
- पोखरीको प्रभावकारी व्यवस्थापन भई सिचाई, माछापालन तथा पर्यापर्यटनको माध्यमबाट आर्थिक बिकासमा टेवा पुगेको हुनेछ ।

**लाभग्राही संख्या र विवरण**

गाउँपालिका भित्रका सबै जनसंख्या यस परियोजनाबाट लाभान्वित हुनेछन जसको विवरण निम्नानुसार छ ।

पुरुष : १८८३१

महिला : १८१०६

लैंगिक तथा यौनिक अल्पसंख्यक

छात्र : ५३९

छात्रा : ४२०

**प्रस्तावित आयोजनाले लैंगिक समानता, सामाजिक समाबेशीकरणलाई समावेश गर्ने क्षेत्रहरु**

१. परियोजनाको निर्णय प्रक्रियामा

२. कर्मचारी नियुक्तिमा

३. आर्थिक बिकासका क्रियाकलापहरुमा

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

**प्रस्तावित आयोजनाले स्थानीय तह संस्थागत स्वःमूल्यांकन र वित्तीय सुशासन लेखाजोखाको कुन सूचकलाई सहयोग पुराउने हो सो को विवरण स्थानीय तह संस्थागत स्वःमूल्यांकन**

१. सार्वजनिक सेवा प्रवाह

२. सामाजिक समावेशीकरण

३. वातावरण संरक्षण

वित्तीय सुशासन लेखाजोखा

**प्रस्तावित आयोजनाले दिगो विकासको रास्ट्रीय लक्ष्यमा योगदान गर्ने भए कुन लक्ष्यमा गर्ने हो सो को पुष्टयाई**

प्रस्तावित आयोजनाले दिगो बिकासका लक्ष्यहरु मध्ये लक्ष्य ४ गुणस्तरीय शिक्षा, लक्ष्य ५ लैंगिक समानता र लक्ष्य ८ समावेशी र दिगो आर्थिक वृद्धि लाई सम्बोधन गर्दछ ।

**कार्यक्रम नव प्रवर्तनाकारी भएको पुष्ट्याई**

**"सार्वजनिक सेवा प्रवाह सु-साशन, आर्थिक विकास तथा गुणस्तरिया शिक्षा विकासका लागि डिजिटल प्रविधि परियोजना"** नव प्रवर्तनकारी परियोजना हो । यस परियोजनामा डिजिटल प्रविधिको प्रयोग गरेर आम जन समुदायलाई आवश्यक पर्ने सूचना तथा जानकारीहरु उपलब्ध हुन्छ ।

गाउँपालिकामा राखिने डिजिटल बडापत्रमा सरकारबाट उपलब्ध हुने सेवा सुबिधा तथा प्रावधानहरु ठुलो तथा चम्किलो अक्षरको साथै समय समयमा ध्वनि तथा चित्रको मध्यमबाट प्रचार प्रसार गरिन्छ ।

त्यस्तै सबै वडा कार्यालयहरुमा राखिने डिजिटल सूचना बोर्डमा त्यहाँबाट उपलब्ध गराइने सेवा सुविधाको साथै बैठक, भेला, योजना निर्माण आदि जानकारी उपलब्ध हुने हुदाँ सबै नागरिकहरुमा सेवा सुबिधा लिन मात्रै नभई विकास निर्माणको कार्यमा समेत सहभागिता हुन् पुग्छ । शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास शाखाबाट प्रदान गरिने सेवाहरु समेत समयमै प्राप्त गर्न सहज हुन्छ । यस परियोजनामा पालिकाको डिजिटल प्रोफाइल निर्माणको समेत प्राबधान राखिएको छ । यसबाट पालिकाका सुचनाहरु नियमितरुपमा अद्ध्यबधिक भै सबै प्राप्त गर्न सकिने हुन्छ भने अर्को तर्फ पालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरु आफ्नो कार्य प्रति नियमित, जिम्मेवार र जबाफदेही बन्नु पर्ने वातावरण सृजना भई सुशन प्रवर्धनमा सहयोग पुग्दछ ।

एबमप्रकार डिजिटल प्रविधिको अबलम्बन गरी अध्ययन अध्यापन गर्ने प्राबधान राखिएको हुँदा बदलिँदो परिवेश अनुसार विद्ध्यार्थिले शिक्षा हासिल गर्न सक्ने छन् . यसबाट ग्रामिण क्षेत्रमा अध्ययरत विद्यार्थी पनि सुबिधा सम्पन्न स्थानमा पढे सरह योग्य र प्रतिस्पर्धी हुन् सक्छन भन्ने विश्वास गरिएको छ ।

यो पालिका धेरै तालतलैया तथा पोखरीहरु भएको पालिका पनि हो । यस गाउँपालिकाले यी ताल तथा पोखरिहरुको प्रभावकारी व्यवस्थापन गरी बिपन्न परिवारहरुको आर्थिक बिकासमा टेवा पुराउने

गोपाल बहादुर थापा
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

योजना गर्दै गरेको अबस्थामा यस परियोजना अन्तर्गत विजयनगर गाउँपालिका वा.न.५ पालिका भवन नजिकै रहेको सोनही ताललाई मर्मत सम्भार गर्ने, पानीको आय्तानलाई नियमित बनाउने, पर्यटकलाई आकर्षण गर्ने किसिमले दुन्गहरु राख्ने, सौन्दर्यकरण गर्नुको साथै माछापालन तथा सिन्चैको लागि उपयोगमा ल्याउने योजना गरिएको छ । यसबाट बिपन्न परिवारका व्यक्तिहरुले रोजगारी पाउनुको साथै यसबाट हुने आम्दनिबाट बिपन्न परिवारलाई सहयोग उपलब्ध गराइने छ ।

अहिले विश्वमा सूचना तथा संचार क्षेत्रको विकास व्यापकरुपमा बढी रहेको छ । संचार क्षेत्रमा भएको व्यापक प्रगतिको कारण सूचनामा सबैको सहज पहुँच हुन् सक्ने अवस्था सृजना भएको छ । आजभोली सबै बर्ग र तहका मानिसहरुसंग मोबाइल रहेको अवस्था छ । डिजिटल प्रविधिको माध्यमबाट सूचना सम्प्रेषण गर्ने हुँदा यस परियोजनाले आम नागरिकहरुको सार्वजनिक सूचनामा पहुँच बढाउने निश्चित छ ।

तसर्थ यो परियोजना नव प्रवर्तनकरी । यसबाट धेरै सकारात्मक परिणाम प्राप्त गर्न सकिने विश्वास गरिएको छ । यसबाट प्राप्त हुने अन्य सकारात्मक प्रतिफल्हारुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

**नागरिकहरुको सेवा प्राप्तिमा सहज हुन्छ**

**सेवा प्रबाह छिटो छरितो हुने**

**भ्रष्टाचार तथा घुसखोरीमा कमि आउछ**

**सस्तो तथा दिगो व्यवस्था**

**वातावरण मैत्री प्रविधि**

**सेवा प्रदायकहरुलाई जवाफदेही बनाउंछ**

सरकार र नागरिक बीच मैत्रीपूर्ण सम्बाद / संचार वृद्धि हुन्छ ।

त्यस्तै तालको बहुउद्धेश्यीय व्यवस्थापनबाट तलको क्षेत्रफल बढ्नुको साथै पानीको आयतनमा वृद्धि भै तल वरिपरिको क्षेत्रमा सिंचाई सुबिधा उपलब्ध हुनेछ । यस परियोजनामा तलामा पानीको स्रोतको दिगो ब्यबस्थापन समेत गरिने हुँदा माछापालन व्यवसाय समेत संचालन हुन् सक्ने छ । ताल सयौं वर्ष पहिले प्राकृतिक रुपमा बनेको, लाम्चो आकारमा फैलिएको आफैमा सुन्दर छ । यसको डिल तथा उबडखाबड भएको भागलाई मिलाएर अझ राम्रो बनाउने र तालको वरिपरी आकर्षक पार्क निर्माण गरी यसको सौन्दैर्यता बढाउने र मनोरन्जनको लागि तालको दृश्यावलोकन गर्न डुंगा राख्ने योजना रहेको छ । यो तालको पूर्वी भागमा प्रशिद्ध समयमै मन्दिर अबस्थित छ जसको महिमा स्थानीय तहमा मात्रै नभई सिमावर्ती भारतीय गाउँहरुमा समेत रहेको छ । यो तालको व्यवस्थापन पछि धेरै आन्तरिक तथा बाह्य पर्यटकहरु आउने सम्भावना रहेको छ । यस किसिमको पर्यटन प्रबर्धनबाट स्थानीय स्तरमा धेरै संख्यामा रोजगारी सृजना हुन्छ । यसको अतिरिक्त जलवायु परिवर्तनको बढ्दो नकारात्मक असरलाई समेत यस कार्यबाट न्यूनीकरण गर्न सहयोग पुग्दछ ।

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरहुवा(?), कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| **<u>कार्यक्रमले सार्वजनिक सेवा, स्थानीय आर्थिक विकास, सुशासन कुन क्षेत्रमा सहयोग गर्ने हो सो सम्बन्धि विवरण</u>**<br>कार्यक्रमले सार्वजनिक सेवा, स्थानीय आर्थिक विकास, सुशासन तिनै क्षेत्रमा सहयोग पुराउछ । | |
| कार्यक्रम अन्य स्थानीय तहमा विस्तार (Replicate) गर्न सकिने सम्भावना | यस्तो प्रकृतिको कार्यक्रम अन्य पालिकाहरुमा नभएको र सूचना प्रविधिको प्रयोग दिन प्रतिदिन बढ्दो क्रममा रहेको र बढि उपयोगी देखिएकोले अन्य पालिकहरुमा विस्तार गर्न सकिने प्रबल सम्भावना रहेको छ । |
| कार्यक्रमको कार्यन्वयन | |
| कार्यन्वयन योजना | माथि उल्लेख गरिएको छ । |
| **<u>कार्यक्रम कार्यन्वयनको सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु</u>**<br>कार्यक्रम तत्काल संचालन हुने र यस अवधिमा स्थानीय, प्रदेश तथा संघीय चुनाबहरु हुने हुँदा समयमै सम्पन्न गर्न चुनौती हुन् सक्छ ।<br>तर बजेटको पूर्ण व्यवस्थाको सुनिस्चितता, निर्माण तथा पूर्वाधारका कार्यक्रम नहुने र संसंगे साझेदार संस्था पनि रहने हुँदा उक्त जोखिमलाई न्यूनीकरण गरी समयमै सम्पन्न गर्न सकिन्छ । | |
| **<u>कार्यक्रम कार्यन्वयनको प्राबिधिक व्यवस्थापन (आवश्यक प्राबिधिक र तिनको उपलब्धता)</u>**<br>कार्यक्रमको लागि आवश्यक पर्ने सामग्री तथा जनशक्ति स्थानीय बजार र नजिकै रहेको बुटवलबाट सहजरुपमा प्राप्त गर्न सकिन्छ । | |
| **<u>कार्यक्रमको अनुगमन तथा मुल्यांकन</u>**<br>नियमित अनुगमन तथा मूल्यांकनको लागि गाउँपालिकाबाट एक समिति गठन गरी कार्यन्वयनमा लगिने छ । मुल्यांकन तथा अनुगमन योजना तथा चेकलिस्ट तयार गरी यस कार्यलाई प्रभावकारी बनाइने छ । | |
| **कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सहजीकरणको संरचना**<br>प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सहजीकरण समिति बनाई कार्यन्वयनमा ल्याइने छ । | |
| कार्यक्रम सम्बन्धमा कार्यपालिकाको बैठकको निर्णय र मिति | मिति २०७८/११/०४ |
| समावेशी आर्थिक बिकासमा गर्ने योगदान | |
| खर्चका मुख्य शिर्शखारू | |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँपालिकाको कार्यालय
कपिलवस्तु

| सिन | मुख्य क्रियाकलापहरु | इकाई | परिमाण | दर | महिना/पटक | जम्मा लागत |
|---|---|---|---|---|---|---|
| १ | परियोजना अभिमुखीकरण | जना | ३० | ७०० | १ | २१० |
| २ | मानवस्रोत व्यवस्थापन | जना | ४ | ३०००० | १८ | २१६०० |
| ३ | डिजिटल प्रविधि संचालन सम्वन्धि तालिम | पटक | १ | ८०००० | २ | १६०० |
| ४ | गाउँपालिकामा डिजिटल बडापत्र स्थापना | संख्या | १ | १००००० | १ | १००० |
| ५ | गाउँपालिका, वडा कार्यालय तथा विषयगत शाखाहरुमा डिजिटल नोटिस बोर्ड स्थापना | संख्या | १३ | २००००० | १ | २६००० |
| ६ | गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण | संख्या | १ | १५००००० | १ | १५००० |
| ७ | गाउँपालिकामा रहेका ६ वटा माध्यमिक बिद्ध्यालयहरुमा डिजिटल कक्षा संचालनको लागि पूर्वाधार तयार | संख्या | ६ | २५०००० | १ | १५००० |
| ८ | डिजिटल कक्षा संचालनको लागि शिक्षकहरुलाई तालिम | पटक | २ | ८०००० | १ | १६०० |
| ९ | पोखरी व्यवस्थान | संख्या | १ | ९४००००० | १ | ९४००० |
| १० | बिस्तृत कार्यन्वयन योजना तर्जुमा कार्यशाला | जना | ३० | ७०० | १ | २१० |
| ११ | मासिक प्रगति समिक्षा तथा योजना निर्माण बैठक | पटक | १५ | ५००० | १ | ७५० |
| १२ | अर्धवार्षिक समिक्षा बैठक | जना | ३० | ७०० | २ | ४२० |
| १३ | अनुगमन तथा मुल्यांकन | पटक | २ | २०००० | २ | ८०० |
| १४ | परियोजना व्यवस्थापन | पटक | १ | १०५००० | १८ | १८९०० |
| १५ | परियोजनाको अन्तिम प्रगति समिक्षा | जना | ५० | १५०० | २ | १५०० |
| | जम्मा | | | | | १९८५९० |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

कार्यपालिका बैठक - १२

मितिः- २०७८।११।०४

**प्रस्ताव नं. २- नव प्रबर्द्धन साझेदारी कोष कार्यान्वन समिति सम्वन्धमा ।**

**निर्णय नं. २-** यस नव प्रबर्द्धन साझेदारी कोष कार्यान्वनका लागि देहाय बमोजिका पदाधिकारी तथा सदस्य रहने गरी कोष कार्यान्वन समिति गठन गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री गोपाल बहादुर थापा मगर गाउँपालिका अध्यक्ष | संयोजक |
| श्री लक्ष्मी कुमारी चौधरी गाउँपालिका उपाध्यक्ष | उप-संयोजक |
| श्री दिनेश कुमार चौधरी वडाध्यक्ष | सदस्य |
| श्री सिमादेवी वि क कार्यपालिका सदस्य | सदस्य |
| श्री दमन्ती सरा राना कुमाहल कार्यपालिका सदस्य | सदस्य |
| श्री धनबीर सुनार कार्यपालिका सदस्य | सदस्य |
| श्री लक्ष्मण घिमिरे गाउँपालिका आई टि अफिसर | सदस्य |
| श्री गोविन्द भट्टराई प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

**प्रस्ताव नं. ३- नव प्रबर्द्धन साझेदारी कोषमा लागत सहभागिता सम्वन्धमा ।**

**निर्णय नं. ३-** यस नव प्रबर्द्धन साझेदारी कोष कार्यान्वनका लागि कुल लागत रकमको ३० प्रतिशत लागत सहभागिता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४-नव प्रवर्धन साझेदारी कोषमा साझेदारी संस्था सम्वन्धमा ।**

**निर्णय नं. ४-** नव प्रवर्धन साझेदारी कोषमा गाउँपालिका तर्फबाट हुने ३० प्रतिशत रकममा ईन्द्रणी ग्रामिण विकास केन्द्र नेपाल कपिलबस्तुको ३० प्रतिशत साझेदारी रहने गरि सम्झौता पत्रमा हस्ताक्षर गरियो ।

**प्रस्ताव नं. ५- सेवा सुविधा सम्वन्धमा ।**

**निर्णय नं. ५-** यस विजयनगर गाउँपालिकामा कार्यरत रहेका एम्बुलेन्स चालकले कार्यालय समय बाहेकको अवस्थामा काम गरेमा लकबुक तथा अन्य प्रमाणको आधारमा दैनिक रु ३००/- का दरले खाना भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६- ईजाजत पत्र सम्वन्धमा ।**

**निर्णय नं.६-** यस विजयनगर गाउँपालिकामा इजाजत पत्र पाउनका लागि निवेदन पेश हुन आएको **साद ग्रुप अफ कम्पनीलाई "घ"** बर्गको ईजाजत पत्र नियमानुसार प्रदान गर्ने निर्णय गरयो ।

**प्रस्ताव नं. ७ विविध**

**निर्णय नं. ७** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा न.४ डगौवा कब्रस्थान पश्चिम नाली निर्माण | विजयनगर ४ डगौवा | नालि निर्माण | २,००,०००/- (दुई लाख मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| २ | वडा न ७ धन्धरा उत्तर सिसवा जाने बाटो ग्राभेल | विजयनगर ७ धन्धरा | बाटो ग्राभेल | १,५०,०००/- (एक लाख पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ३ | फरेना कोटहीमाई मन्दिर निर्माण | विजयनगर ६ फरेना | मन्दिर निर्माण | ३०००००/- (तीन लाख मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ४ | ईलाई बाब थान संरक्षण तथा घेरबार अपुग रकम थप | विजयनगर | ईलाई बाबा घेराबार अपुग रकम थप | ८००००/- (असि हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ५ | पुर्णावासीको तेलीको घर देखी भिम रेश्मीको घर सम्म सडक ग्रावेल | विजयनगर – २ ईमिलिखर्क | सडक ग्राभेल | ५००००/- (पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ६ | जवाबैराठमा इन्टरनेट विस्तार वापत Trishapta Trading Pvt Ltd | विजयनगर १ जवाबैराठ | ईन्टरनेट विस्तार | ५००००/- (पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ७ | नेवलागंज युवा समिति विजयनगर १ नेवलागंज<br>राम वहादुर मोहरा | विजयनगर १नेवलागंज | खेलकुद अयोजना | ५००००/- (पचास हजार) | विभिन्न खेलकुद कार्यक्रमा सहयोग | |
| ८ | राम लौटन थारु | विजयनगर १ लोहरौला | सत गुरु सट संग भण्डारा | २००००/- विस हजार मात्र | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण | |
| ९ | नेपाल मुस्लिम विश्वविद्यालय | विजयनगर ४ | विद्यालय व्यवस्थापन तथा प्रशासनिक कार्य | १०००००/- (एक लाख मात्र ) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १० | डिप बोरिङ्ग जडान संकलन भुमिगत जलस्रोत उपभोक्ता समिति | विजयनगर २ महुवावारि | मोटर जडान तथा कुलो मर्मत | २०००००/- (दुई लाख मात्र) | साना सिचाई कार्यक्रम | |
| ११ | गुलाव नवि | विजयनगर ३ कढियार | ओषधी उपचार | १००००/- (दश हजार मात्र) | विपन्न नागरिक उद्धार, उपचार, राहत तथा आर्थिक सहायता सहयोग कार्यक्रम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | डिला कुमारी कार्की | विजयनगर ४ शंकरपुर | शैक्षिक अध्यन | २५०००/- (पच्चिस हजार मात्र) | विभिन्न असहाय तथा अनाथ वालवालिकालाई शैक्षिक सहायता | |
| १३ | अधुरो दुर्गा मन्दिर निर्माण | विजयनगर ६ खडैचा | मन्दिरनिर्माण | २०००००/- (दुई लाख ) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १४ | ज्ञान ज्योति वाल क्लव | विजयनगर २ | ड्रेस तथा खेलकुद सामाग्री | २००००/- (विस हजार) | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण | |
| १५ | ज्ञानपुञ्ज महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेड | विजयनगर २ गुगौली | १ थान दराज २० थान कुर्चीं १ कोठामा पुग्ने कार्पेट र पिफम | जिन्सि शाखा | खरिद गरि उपलब्ध गराउने | |
| १६ | कपिलवस्तु जिल्ला डोरी तान संघ | कपिलवस्तु | डोरि तान कार्यक्रम | ३००००/- तिसहजार मात्र | विभिन्न खेलकुद कार्यक्रमा सहयोग | |
| १७ | सृजनशिल महिला वचत समुह | विजयनगर २ मगरघट्टा | मसला पिस्ने मेसिन व्यवस्थापना | ५००००/- पचास हजार मात्र | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १८ | देव कला कुमाल | विजयनगर २ | ओषधी उपचार | १५०००/- (पन्ध्र हजार मात्र) | विपन्न नागरिक उद्धार, उपचार, राहत तथा आर्थिक सहायता सहयोग कार्यक्रम | |
| १९ | गौरीघाट लोक साँस्कृतिक प्रर्यटन तथा खेलकूद मेला | विजयनगर वडा नं १ | मेला उत्सव | २००००० (दुई लाख मात्र) | विभिन्न खेलकुद कार्यक्रमा सहयोग | |
| २० | फरेना मस्जित निर्माण | विजयनगर ६ फरेना | मस्जित निर्माण | ५००००० (पाँच लाख मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| २१ | विजयनगर गाउँपालिका स्वास्थ्य शाखा (यज्ञ प्रसाद अधिकारी) | विजयनगर ६ प्रेमनगर | शुभकामना तथा दर खाने कार्यक्रम | २६४५०/- (छब्विस हजार चार सय पचास मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण | |